जीतपुरसिमरा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## (रोजगार सेवा केन्द्र)

मधेश प्रदेश, जीतपुर,बारा, (नेपाल)

पत्र संख्या :- २०८१/०८२

चलानी नम्बर :- ३४४२

मिति :-२०८१/११/०८

श्री वडा कार्यालय सबै (२४ वटै)

जीतपुरसिमरा उपमहानगरपालिका,

जीतपुर, बारा, मधेश प्रदेश ।

**बिषयः आ.ब. २०८२/०८३ मा न्यूनतम रोजगारीको लागि निवेदन दिने सम्बन्धमा ।**

प्रस्तुत बिषयमा आगामी आर्थिक बर्ष २०८२/०८३ मा न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न इच्छुक सामाजिक र आर्थिक अवसरबाट बञ्चित महिला, आदिवासी, जनजाती, मधेसी, दलित तथा अन्य सिमान्कृत समुदायका विपन्न बर्गका १८ देखी ५९ बर्ष सम्मका नेपाली नागरिकले आफु स्थाई रुपमा बसोबास गरेको वडा कार्यालयमा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को अनुसूची १ बमोजिको ढाँचामा फागुन मसान्त सम्ममा फारम भर्न लगाई जी.सि.उ.म.न.पा. मा अवस्थित रोजगार सेवा केन्द्रमा पेश गर्न गराउनुहुन जानकारीको लागि अनुरोध छ साथै बेरोजगार व्यक्तिले पेश गरेको आवेदनमा सम्पूर्ण विवरण भरेको सुनिश्चित गरि वडा कार्यालयबाट प्रमाणित भइ मात्र रोजगार सेवा केन्द्रमा पेश गर्नुहुन अनुरोध छ।

<u>तपसिलः-</u>

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि -१ थान

२. निवेदकको हालसाल खिचेको पासपोर्ट आकारको फोटो -१ थान

३. निवेदकको परिवारका सदस्यहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि -१ थान
(परिवारको सदस्यको नागरिकता नलिएको हकमा जन्म मिति खुल्ने कागजात समावेश गर्नुपर्ने छ।)

......................

(म. नसिमुल गनी)

रोजगार संयोजक

......................

(उर्मिला काफ्ले)

प्रमुख प्रशासकीय अधिकृत

<u>द्रष्टव्यः फारमा उल्लेखित सम्पूर्ण विवरणहरु अनिवार्य रुपमा भर्नुपर्ने छ।अपुर्ण फारम मान्य हुने छैन ।</u>

बोधार्थः-

श्री सूचना तथा प्रविधि शाखाः वडा कार्यालयहरुमा ईमेल गरिदिनुहुन साथै website मा upload गरिदिनु हुन ।

**..........................श्रमको सम्मान - राष्ट्रको अभियान..........................**